# सासाहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल




दादुरा रुबेला खोप अभियान औपचारिक रुपमा कास्कीमा समन्वय प्रमुखबाट स्वास्थ्य कर्मिलाई खोपको बाकस दिएर उद्घाटन भएको छ।








मादी गाउँपाालिका, कास्कीमा दादुरा रूबेला खोप अभियान २०८० का अध्यक्ष देबिजङ गुरूङबाट स्वास्थ्यकर्मीहरूलाई खोप हस्तान्तरण  गरि उद्घाटन भएको छ।





दादुरा रुबेला खोप शुभारम्भ @ पर्बत

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

## मानसिक स्वास्थ्य : सबैको अधिकार

## "स्वास्थ्यको बजेट खर्च होइन लगानी हो"



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा न्युनतम सेवा मापदण्ड (MSS) कार्यक्रमको प्रदेश स्तरीय गुणस्तर समन्वय समितिको बैठक स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक श्री हेमन्त शर्मा पौडेलको अध्यक्षतामा संचालन भएको छ। कार्यक्रममा डाक्टर धर्मदेव ढकाल, अन्जु पौडेल, डाक्टर रोशन खनाल, प्रशान्तराज शर्मा, डाक्टर मधुरजी ढकाल, उर्मिला बराल र नबराज शर्माको उपस्थिति रहेको थियो।



जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको आयोजनामा तथा हुप्सेकोट गाउपालिका, नवलपरासी ब.सु.पू.को समन्वयमा जिल्लाको विकट गाउँ वडा नं. ६ मौलाथर भन्ने स्थानमा नागरिक आरोग्य अभियान सम्पन्न गरिएको छ। हुप्सेकोट माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरु विच सरसफाई सम्बन्धी विविध विषयमा अन्तरकृया पश्चात विद्यालय परिसर तथा नजिकै रहेको समुदायमा उत्पादित फोहोरहरुको उचित व्यवस्थापनमा नागरिक आरोग्य समितिको अगुवाईमा स्थानिय जन समुदाय सहित वृहत घरदैलो सरसफाई अभियान सञ्चालन सम्पन्न भयो।



स्वास्थ्य कार्यालय, बागलुङको संयोजनमा प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा नसर्ने रोग सम्वन्धि अभिमुखिकरण तथा स्क्रिनिङ सम्पन्न भएको छ। कार्यक्रममा बागलुङ जिल्लाका कार्यालय प्रमुखहरुको सहभागिता रहेको उक्त कार्यक्रममा धौलागिरि अस्पतालका प्रमुख मे.सु. रविरञ्जन प्रधान ले नसर्ने रोगहरुका वारेमा सहजिकरण गर्नुभएको थियोभने स्वास्थ्य कार्यलय, धौलागिरी आयुर्वेद औषधालय र बागलुङ नगरपालिकाका स्वास्थ्यकर्मिहरुले ४५ जनाको नसर्ने रोगहरुको स्क्रनिङ (व्लड प्रेसर, व्लड सुगर, BMI) गर्नुभएको थियो।

## एचआईभी र एड्सः सामान्य जानकारी

https://hd.gandaki.gov.np/list/news/ecaaaiibha-ra-edasa-samanaya-janakara

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



प्रत्येक महिनाको १२ गते आधारभूत स्वास्थ्य सेवा केन्द्र खर्बाङ बाट संचालित बडीगाड गाउँपालिका-२ को साविक वडा न.६ सिमलचौर, नेटामा गाउँघर किल्निक सञ्चालन गरि बच्चाहरुको तौल अनुगमन, गर्भवति चेक,परिवार नियोजन साधन, प्राथमिक उपचार जम्मा २० जनाको उपस्थितिमा सम्पन्न भएको छ।



चापाकोट नगरपालिका, स्याङ्जा नगर प्रमुख देब बहादुर खाँण र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराका सचिव डाक्टर विनोद बिन्दु शर्माबाट दादुरा रुबेला खोप अभियान चापाकोट नगरपालिका अन्तर्गतका रानीसारा खोप केन्द्रबाट शुभारम्भ भएको छ।



लमजुङ जिल्लामा दादुरा रुबेला खोप अभियान सुरुवात गरिएको छ। स्वास्थ्य कार्यालयको आयोजना तथा बेसीशहर नगरपालिकाको समन्वयमा सन्चालित कार्यक्रममा दादुरा रुबेला खोप अभियान सम्बन्धी जिल्ला समन्वय समितिका संयोजक तथा समन्वय समितिका प्रमुख पुर्ण बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा समन्वय समिती उपप्रमुख, बेसीशहर नगरपालिका उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ तथा पत्रकार महासंघ उपाध्यक्ष लगायतको उपस्थिती रहेको थियो।



नवलपरासी (ब.सु.पु.) जिल्लाका विभिन्न स्थानीय तहमा एकैपटक राष्ट्रिय अभियान दादुरा/रुबेला MR खोप लगाउने कार्यक्रम सुरु भएको छ ।

# सााप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



माननीय सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय सुशीला सिंखडाबाट धौलागिरि आयुर्वेद औषधालयको अनुगमन, निरीक्षण कार्यक्रम सम्पन्न भएको छ।



दादुरा रुबेला खोप अभियान २०८० @ साँखर स्वास्थ्य चौकी, चापकोट नगरपालिका, स्याङ्गजा




दादुरा रुबेला खोप अभियान २०८० @ जनचेतना प्रा बि ढकालथर , बाग्लुङ्ग




गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका मन्त्री माननीय सुशिला सिंखडा तथा बिशिष्ठ व्यक्तित्त्वहरुबाट स्वास्थ्य कार्यालय, बागलुङको निरिक्षण, कार्यालयका गतिविधिहरु तथा बागलुङ जिल्लाको स्वास्थ्य कार्यक्रमहरु तथा भावी कार्यनीतिबारे छलफल सम्पन्न भएको छ।



भुलभुले स्वास्थ्य चौकी @ लमजुङ्ग

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार


## बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय ५० शय्याको अस्पतालमा स्तरोन्नति



सदरमुकाम बागलुङ बजारदेखि करिब एक सय किलोमिटर पश्चिममा रहेको बुर्तिबाङमा पछिल्लो समय बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट पनि विशेषज्ञ सेवा प्रदान हुँदै आएको छ। बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई जिल्लास्तरीय अस्पतालमा स्तरोन्नतिका लागि विसं २०६४ साउन १५ गते स्वास्थ्य मन्त्रलायले निर्णय गरे पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन। तर अब भने सो स्वास्थ्य केन्द्र प्रदेशस्तरको अस्पतालमा स्तरोन्नति हुने भएको छ। गण्डकी प्रदेश सरकारको सिफारिसमा सङ्घीय सरकारको यही फागुन ६ गतेको मन्त्रिपरिषद्को बैठकको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रदेशस्तरीय ५० शय्याको अस्पताल बनाउने निर्णय गरिसकेको छ। यो स्वास्थ्य केन्द्र विसं २०५२ मा स्थापना भएको हो। यस क्षेत्रका जनतालाई सेवा दिने उद्देश्यले १६ वर्ष अगाडि जिल्ला अस्पताल बनाउने निर्णय गरी रु ३२ करोडको लागतमा संरचना निर्माण गरिएको थियो। प्राथमिक स्वास्थ्य केन्द्रका लागि स्वीकृत दरबन्दीमा व्यवस्थापन समिति र विभिन्न निकायले जनशक्ति थप गरी २५ शय्याको सेवा दिइदै आएका छ। हाल केन्द्रमा १० शय्याको आकस्मिक र १५ शय्याको प्रसुति विभाग सञ्चालनमा छ। स्थानीय र सरोकारवाला निकायको लामो समयको प्रयासपछि केन्द्रलाई प्रदेशस्तरीय अस्पताल बनाउन लागिएको हो। केन्द्रका लागि स्वीकृत ११ जनाको स्थायी दरबन्दी भए पनि ४८ जना कार्यरत छन्। ढोरपाटन नगरपालिकाले करार सेवामा २० जना, स्वास्थ्य केन्द्र व्यवस्थापन समितिबाट सात जना र निकसाइमनबाट ६ जना कर्मचारी व्यवस्थापन गरेर २५ शय्याको सेवा सञ्चालन गरेको छ। हाल एक जना बालरोग र एक जना एमडीजिपी विशेषज्ञ, दुई जना मेडिकल अधिकृत, एक ल्यावको बीएमलटी, दुई जना स्टाफ नर्स, चार हेल्थ असिस्टेन्ट, चार जना अहेव, पाँच जना अनमी र ९ जना कार्यालय सहयोगी लगायतका कर्मचारी रहेका छन्। हाल चौबिसै घण्टा आकस्मिक, बहिरङ्ग, शल्यक्रियाद्वारा प्रसुति सेवा, सामान्य शल्यक्रिया, बालरोग विशेषज्ञ सेवा, जनरल फिजिसियन विशेषज्ञ सेवा, अत्याधुनिक प्रयोगशाला सेवा, जिनएक्पट सेवा, दन्त, आँखा उपचारलगायतको सेवा दिँदै आइएको छ। हालको संरचना अस्पताल सञ्चालनका लागि पर्याप्त रहेकोले तत्काल प्रदेशस्तरीय अस्पताल सञ्चालन गर्न सकिने छ। पचास शय्याको अस्पताल सञ्चालन गर्न एक सय ४९ जना जनशक्ति आवश्यक पर्छ। मध्यपहाडी लोकमार्ग छेउमै रहेको बुर्तिबाङमा प्रदेशस्तरीय अस्पताल सञ्चालन भए पश्चिम बागलुङ ६ पालिकासहित गुल्मी, प्यठान, रोल्पा र पूर्वी रुकुमका नागरिकले स्वास्थ्य सेवा लिन सहज हुनेछ। अहिले पनि गुल्मीसहितका छिमेकी जिल्लाका नागरिकले सेवा लिन आउने गरेका छन्।

## यूरिक एसिड नियन्त्रण गर्ने शीर्ष ७ खानेकुरा

https://hd.gandaki.gov.np/list/news/yaraka-esada-nayanataranae-garana-sharashha-khanakara

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

**स्वास्थ्य निर्देशनालय**

पोखरा, नेपाल





मैले त लगाए हजुरहरुले लगाउनु भयो दादुरा-रुबेला खोप?



दादुरा रुबेला खोप अभियान २०८०, बौदिकालिका गाउँपालिका @ नवलपरासी ब.सु.पू.



दादुरा रुबेला खोप अभियान २०८० @ पाङराङ स्वास्थ्य चौकी, पर्बत



दादुरा रुबेला खोप अभियान २०८० @ खिलाङ सामुदायिक स्वास्थ्य इकाई, कास्की

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**

# सासाहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा रुपाकोट अस्पताल, कास्कीको न्यूनतम सेवा मापदण्ड (MSS) अन्तर्गतको पहिलो लेखाजोखा सम्पन्न भएको छ। रुपाकोट अस्पताल, कास्कीको पहिलो न्युनतम सेवा मापदण्ड मुल्यांकनमा ३७% स्कोर प्राप्त भएको छ। कार्यक्रमका लागि मुख्य श्रोतब्यक्तिको रुपमा मातृशिशु मितेरी अस्पताल, कास्कीका मेशु डाक्टर धर्मदेव ढकाल, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा र उर्मिला बरालको उपस्थिति रहेको थियो।



दादुरा रुबेला खोप अभियान २०८० @ खैरेनीटार स्वास्थ्य चौकी दुलेगौंडा, तनहुँ






दादुरा रुबेला खोप अभियान २०८० @ आँबुखैरेनी, गाउँपालिका, तनहुँ

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार





दादुरा रुबेला खोप अभियान २०८० @ ब्यास नगरपालिका, तनहुँ



दादुरा - रुबेला खोप अभियान @ गहते अम्बोट आधारभूत विद्यालय

**"मेरो स्वास्थ्य - मेरो जिम्मेवारी"**

**योग स्वस्थ जीवन र आरोग्यताको लागि गरिने शारीरिक, मानसिक र आध्यात्मिक अभ्यास हो। योग व्यायाम मात्र नभई योगले स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गर्दछ।**



दादुरा रुबेला खोप अभियान २०८० @ कास्की



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको आयोजना तथा CREHPA को सहयोगमा "Development of Implementation Guidelines for Menstrual Health and Justice in Gandaki Province" कार्यक्रम सञ्चालन भएको छ। मन्त्रालयका सचिव डाक्टर बिनोद विन्दु शर्माको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कास्की जिल्ला समन्वय प्रमुखको प्रमुख उपस्थिति रहेको थियोभने रुपा गाउँपालिका का अध्यक्षको विशिष्ट उपस्थिति रहेको थियो। कार्यक्रममा महिनावारी स्वास्थ्य तथा सुरक्षा सम्बन्धी क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको प्रमुख तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल



स्वास्थ्य निर्देशानलय, गण्डकी प्रदेशको आयोजना तथा सि.एम.सि. नेपालको सहयोगमा कर्णाली प्रदेश सरकारले लागु गरेको मानसिक स्वास्थ्य रणनैतिक कार्ययोजनाका बारेमा छलफल गर्न सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश मन्त्री माननीय सुशिला सिंखडाले नेतृत्व गरेको समूह बिरेन्द्रनगर, सुर्खेत पुगेको छ। अध्ययन समुहमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिब डाक्टर बिनोद बिन्दु शर्मा, उपसचिव चण्डिका पौडेल, स्वास्थ्य प्रशासक डाक्टर रमेश कुमार के.शि., स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल, बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत नबराज शर्मा, MSSIO उर्मिला बराल, बेनी अस्पताल, म्याग्दीका मानशिक रोग विशेषज्ञ डाक्टर अनुषा मानन्धर लगायतका व्यक्तित्वहरुको उक्त टोलीले कर्णाली प्रदेशले सो कार्ययोजना तयार गर्दाका प्रकृया, कार्यन्वयन पश्चातका प्रभाबहरु तथा केहि समय अगाडी जाजरकोट क्षेत्रमा भएको भूकम्पमा यस कार्ययोजनाले पारेको सकारात्मक प्रभाबका बारेमा अन्तरक्रिया सम्पन्न गरेको थियो।

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ। अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ।**



"दक्ष जनशक्ति, गुणस्तरीय स्वास्थ्य सेवा-निरोगी नेपाल निर्माणमा हाम्रो टेवा" भन्ने मुल नाराका साथ स्वास्थ्य सेवा दिवसको अवसरमा गलकोट नगरपालिका, बाग्लुङ्गको आयोजना तथा ग्रामीण स्वास्थ्य सुधार परियोजनाको सहयोगमा नरेठाटी स्वास्थ्य चौकीमा दादुरा रुबेला खोप अभियानमा खोप लगाउन आउने बालबालिकाहरुलाइ सरसफाइ सम्बन्धी ब्यवहार प्रवर्धन तथा सरसफाइ सामाग्री (ब्रस, साबुन र टुथपेष्ट) बितरण कार्यक्रम सम्पन्न भएको छ ।



स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको आयोजनामा गण्डकी प्रदेश भित्र रहेका वाग्लुङ, पर्वत ,तनहुँ, स्याङ्जा ,मनाङ र नवलपुर जिल्लाका विभिन्न स्वास्थ्य संस्थारुमा कार्यरत १० जना नर्सिङ कर्मचारीहरूका लागि ६० दिने दक्ष प्रसुतीकर्मि दक्ष प्रसुती सम्वन्धि तालिम धौलागिरि अस्पताल वाग्लुङमा सम्पन्न भएको छ।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार




जिल्ला प्रहरी कार्यालय, गोरखाको आयोजनामा गोरखा नगरपालिका-६ छहरे स्थित श्री बाल मन्दिर मा.वि. मा अध्ययनरत कक्षा ७ र ८ का बिद्यार्थी र शिक्षकहरुको लागि बाल अधिकार र बालबालिका बिरुद्ध घट्ने अपराध सम्बन्धमा जानकारीमूलक कार्यक्रम सम्पन्न भएको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेलको नेतृत्वमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट आएको अनुगमन टोलीले आइतबार पोखरा-३०, खुदीमा अवस्थित पोखरा विश्वविद्यालय शिक्षण अस्पतालको स्थलगत अनुगमन सम्पन्न गरेको छ। टोलीले अस्पताल व्यवस्थापन, भवन तथा पूर्वाधारसम्बन्धी मापदण्ड लगायत बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक र शल्यचिकित्सा एवम् सघन उपचार कक्षसम्बन्धी मापदण्डका बारेमा अध्ययन तथा निरीक्षण गरेको थियो। यसका साथै जनशक्ति तथा विशेषज्ञसम्बन्धी व्यवस्था, फोहोर व्यवस्थापन, प्रयोगशाला, फार्मेसीसम्बन्धी व्यवस्थापन लगायत औजार तथा उपकरणका बारेमा समेत सुक्ष्म अनुगमन भएको थियो। २०७९ भदौ २२ गतेबाट बहिरङ्ग सेवा सञ्चालन गर्दै आएको अस्पतालले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य सेवा सञ्चालन मापदण्ड २०७७" बमोजिम आधारभूत मापदण्ड पुरा गरी पूर्ण चरणमा सेवा सञ्चालन गर्ने तयारी गरिरहेको छ। अस्पताललाई हाल १०० शैयामा सञ्चालन गर्ने गरी व्यवस्थापन गरिएको छ। अनुगमन टोलीमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशबाट अस्पताल नर्शिङ्ग प्रशासक अञ्जु पौडेल, स्वास्थ्य प्रशासक डाक्टर रोशन ढकाल, तथ्यांक अधिकृत दिवाकर शर्मा तथा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट आयुर्वेद चिकित्सक तथा सुचना अधिकारि डाक्टर मधुरजी ढकाल रहनुभएको थियो।




## नवजात शिशुले आमाको दूध खान नसकेमा के गर्ने ?

https://hd.gandaki.gov.np/list/news/navajata-shashal-aamaka-thathha-khana-nasakama-ka-garana

## मानसिक स्वास्थ्य : सबैको अधिकार

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार







दादुरा रुबेला खोप अभियान @ पाङराङ स्वास्थ्य चौकी, पर्वत



**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**




दादुरा रुबेला खोप अभियान @ दरौं, अर्जुनचौपारी गाउँपालिका, स्याङ्जा




स्वास्थ्य सेवा दिवस @ रिघा स्वास्थ्य चौकी, बाग्लुङ्ग

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार




फोटोः- गोमा अधिकारि, पोखरा, कास्की




दादुरा रुबेला खोप अभियान@ कास्की

**खोपले जीवन रक्षा गर्छ ।**
**नजिकैको खोप केन्द्रमा पुगि ९ महिना देखि १५ बर्ष सम्मका बालबालिकाहरु लाई दादुरा-रुबेला को थप खोप लगाई उनीहरुको जीवन रक्षा गर्दै दादुरा-रुबेला खोप अभियान २०८०/८१ लाई सफल बनाउन सम्पुर्णमा अनुरोध छ ।**



दादुरा रुबेला खोप अभियान@ लुम्ले स्वास्थ्य चौकी, कास्की

**दादुरा मिजल्स् भाइरसबाट हुने अति संक्रामक रोग हो। यो रोग कुनै पनि उमेरको मानिसलाई र विशेष गरि बालबालिकालाई लाग्न सक्दछ । अति संक्रामक भएको कारणले गर्दा, यो रोगले छिट्टै महामारीको रुप लिन सक्दछ ।**

**दादुरा संक्रमित बालबालिकालाई साविक भन्दा बढी पोषिलो खानेकुरा खुवाउने गरौ । दादुरा भएका प्रत्येक बालबालिकालाई स्वास्थ्यकर्मीको सल्लाह अनुसार भिटामिन ए खुवाउनु पर्दछ।**




# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार



सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशीला सिंखडाले प्रादेशिक अस्पताल, सुर्खेतको भ्रमण गर्नुभएको भएको छ। भ्रमणका समुहमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्माको समेत उपस्थिति रहेको थियो।



सो भ्रमणमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति रहेको छ। प्रादेशिक अस्पताल, सुर्खेतका निर्देशक डाक्टर डम्बर खड्काले अस्पतालको समग्र सेवाका बारेमा जानकारी गराउनुभएको सो अवसरमा प्रादेशिक अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश स्वास्थ्य सेवा महाशाखा प्रमुख लगायत अस्पतालका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।



सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको आयोजना तथा CMC Nepal को सहयोगमा "कर्णाली प्रादेशिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनैतिक कार्ययोजना निर्माण प्रक्रिया र कार्यान्वयन अवस्था विषयक सिकाइ आदान प्रदान कार्यक्रम सञ्चालन भएको छ। कर्णाली प्रदेशका माननीय मुख्यमन्त्रीले उद्घाटन भएको उक्त कार्यक्रममा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश का मन्त्री माननीय सुशीला सिंखडा लगायत लुम्बिनी र कर्णाली प्रदेशका स्वास्थ्य मन्त्रालयका मन्त्रीहरुको विशिष्ट उपस्थिति रहेको छ। कार्यक्रममा मधेश, गण्डकी, लुम्बिनी, कर्णाली, सुदुर पश्चिमका स्वास्थ्य सचिवहरूको समेत उपस्थिति रहेको छ। कार्यक्रममा गण्डकी प्रदेशको तर्फबाट स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति रहेको छ। कार्यक्रममा गण्डकी प्रदेशको मानसिक स्वास्थ्य प्रोफाइल बारेमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका डाक्टर रमेश केशिले प्रस्तुतिकरण राखुभएको थियो।

# साप्ताहिक समाचारपत्रिका

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार




सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका मन्त्री माननीय सुशीला सिंखडाको प्रमुख उपस्थितिमा स्विस राजदुतावास र CMC Nepal का प्रतिनिधिहरु बीच मानसिक स्वास्थ्य सम्बन्धी बैठक सम्पन्न भएको छ। बैठकमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका सचिव डाक्टर बिनोद विन्दु शर्मा, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति रहेको छ। बैठकले गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य सम्बन्धी रणनैतिक कार्ययोजना तयार गर्न समिति गठन गरी कार्य शुरू गर्ने निर्णय गरेको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश आयोजनामा अन्तरप्रदेशिय एकीकृत अवलोकन भ्रमण सञ्चालन भएको छ। भ्रमणका क्रममा स्वास्थ्य सेवा निर्देशनालय, कर्णाली प्रदेशमा स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश का उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति रहेको छ।



स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश को आयोजनामा अन्तरप्रदेशिय एकीकृत अनुगमन सञ्चालन भएको छ। कार्यक्रममा बर्दिया अस्पतालका मेसु डाक्टर सुभास पाण्डेय, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश का उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति थियो। अस्पतालको न्यूनतम सेवा मापदण्डको कार्यान्वयन अवस्था, मानसिक रोग सम्बन्धी सेवा, फोहर व्यवस्थापन, प्रेषण सेवा लगायतका विषयम छलफल भएको थियो।

**आफ्नो बाबुनानीहरुलाई सबै खोपको मात्रा पुरा गराऔं!!**

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
पोखरा, नेपाल

# साप्ताहिक समाचारपत्रिका

अंक १८२, वर्ष ५, २०८० फाल्गुन २०, March 3, 2024 आइतबार




स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको आयोजनामा अन्तरप्रदेशिय एकीकृत अवलोकन भ्रमण सञ्चालन भएको छ। कार्यक्रममा भेरी अस्पताल, बाँकेका मेसु डाक्टर पावन जंग रायमाझी, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निमित्त महानिर्देशक हेमन्त शर्मा पौडेल, डाक्टर रोशन ढकाल, नवराज शर्मा, उर्मिला बराल, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश का उपसचिव चण्डीका पौडेल, डाक्टर रमेश कुमार केशी, बेनी अस्पताल, म्याग्दीका मानसिक रोग विषेशज्ञ डाक्टर अनुशा मानन्धर लगायतको उपस्थिति थियो। अस्पतालको न्यूनतम सेवा मापदण्डको कार्यान्वयन अवस्था, मानसिक रोग सम्बन्धी सेवा, प्रेषण सेवा लगायतका विषयम छलफल भएको थियो।



धौलागिरि आयुर्वेद औषधालय, बाग्लुङ्गको आयोजना एवं बडीगाड गाउँपालिका वडा नम्बर २ को स्थानीय संयोजनमा बडीगाड गाउँपालिका-२, खर्बाङमा स्वस्थकर जीवनशैली प्रवर्द्धनमा गृहिणीहरूका लागि भान्सा सुधार कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम औषधालयका प्रमुख डाक्टर शरद पन्थीको अध्यक्षता, बडीगाड गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष ढाल प्रसाद गौचनको प्रमुख आतिथ्यता एवं डाक्टर कमल बिक्रम पौडेलको सन्चालनमा सम्पन्न भएको हो। कार्यक्रममा ५८ जना सहभागीको उपस्थिति रहेको थियोभने उपस्थित सबै जनाको रगतमा चिनीको मात्रा तथा ब्लड प्रेसर पनि जाँच गरिएको थियो।



दादुरा रुबेला खोप अभियान @ तनहुँ



**संम्पादक**

नवराज शर्मा




बरिष्ठ स्वास्थ्य शिक्षा अधिकृत/सूचना अधिकारी
स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेश
(गुनासो तथा सुझावका लागि)
https://hd.gandaki.gov.np/feedback
bhumari80@gmail.com